बैठक मिति: २०७९/७/२९
बैठक संख्या: ६

**छलफल तथा निर्णय:**

१. राष्ट्रिय योजना आयोगको बार्षिक प्रतिवेदन (२०७८-७९) को मस्यौदामा आयोगको बैठकमा उठेका सुझावहरू समेत समावेश गरी स्वीकृत गरी प्रकाशन एवं सार्वजनिक गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको ४०० शैय्याको शिक्षण अस्पताल निर्माण कार्य बहुवर्षीय ठेक्का सहमति प्रदानका लागि स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने। साथै लुम्बिनी प्रदेशस्तरीय क्षयरोग उपचार व्यवस्थापन तथा प्रेषण केन्द्रको भवन निर्माण कार्यलाई आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ अनुसार प्रकृया अघि बढाउने निर्णय गरियो।

३. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को परिमार्जन गर्ने सम्बन्धमा प्रारम्भिक छलफल गरियो।

४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा छलफल गरियो। उक्त बैठकले निर्देशित गरे अनुसार राष्ट्रिय योजना आयोगका माननीयज्यूहरूको संयोजकत्वमा गठित समितिहरूको अधययन प्रतिवेदनलाई यथाशिघ्र अन्तिम रूप दिई आयोगमा पेश गर्ने निर्णय गरियो।

५. चालू आर्थिक बर्षमा आयोगबाट भएको निर्णयहरूको कार्यान्वयनको अवस्थाको विषयमा छलफल गरियो।

६. आयोगका माननीयज्यूहरूबाट भएका आन्तरिक तथा बैदेशिक भ्रमणको सम्बन्धमा छलफल गरियो।